आज मिति २०७४।६।१६ गते यस शारिसराङ् गाउँ पालिकाका अध्यक्ष श्री राजकुमार मल्लज्यूको अध्यक्षतामा, यस शारिसराङ् गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीहरुको सम्पन्नतामा, बैठक बस्यो।

तपसिल

१. अध्यक्ष श्री राजकुमार मल्ल

२. उपाध्यक्ष श्री निर्मला रिमड्ड.

३. वडा अध्यक्ष श्री कान्छाराम रुम्बा

४. ,, श्री सूर्य बहादुर मुक्तान

५. ,, श्री बाबुलाल स्याङ्तान 0७४/६/१६

६. ,, श्री सञ्जय कोरराला

७. ,, श्री चन्द्रसिं प्रजा

८. ,, श्री हिरालाल प्रजा

९. ,, श्री कुल बहादुर प्रजा

१०. ,, श्री रामकुवर प्रजा

११. ,, श्री रामकुमार बाल्पा थिङ.

१२ म. सदस्य श्री सुकमाया वि.क. सुक

१३. ,, श्री गौरीमाया स्याङ्तान गौरी

१४. ,, श्री कर्णकुमारी राउत कर्ण

१५. ,, श्री मैना कुमारी गोले मैना

१६. सदस्य श्री सन्त ब. प्रजा

१७. सदस्य श्री सिमोन वि.क.

१८. सदस्य सचिव श्री राजु आचार्य

प्रस्तावहरु :

१. बजेट संशोधन सम्बन्धमा ।
२. कार्यपालिका सदस्य सन्त बहादुर चेपाङको राजिनामा स्वीकृत सम्बन्धमा ।
३. प्रशासनिक कार्य सञ्चालन सम्बन्धमा ।
४. आदिवासी जनजाति समन्वय समिति सम्बन्धमा ।
५. मनहरी आपखोल्सी सडक खण्ड निर्माण योजना स्थगित फुकुवा सम्बन्धमा ।
६. नेपाल भारत मैत्री सेवा समाज, त्रिपाक्षिय तालिम सम्बन्धमा ।
७. विविध

निर्णयहरु :

प्रस्ताव नं. १ माथि छलफल हुँदा यस राक्सिराङ गाउँकार्यपालिकाको बजेट संशोधनका लागि आ.व. २०८१/०८२ को खर्च गर्न बाँकी रहेका योजनाहरुको संशोधन वडा कार्यालय मार्फत विषयगत समितिबाट हेरी एवम् संशोधन गरी गाउँकार्यपालिकाको बैठकमा पेश गरी अनुमोदन एवम् स्वीकृतका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस राक्सिराङ गाउँकार्यपालिकामा सिमान्तकृत चेपाङ समुदायबाट प्रतिनिधित्व गर्नुहुने कार्यपालिका सदस्य श्री सन्त बहादुर चेपाङ प्रदेशसभा क्षेत्र नं. २ ख को समानुपातिक माननीय सदस्य पदमा निर्वाचित हुनु भएकोले उहाँको सफल कार्यकालको शुभकामना सहित गाउँकार्यपालिकाको सदस्य पदबाट दिनु भएको राजिनामा आजको गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस राक्सिराङ गाउँपालिकामा प्रशासनिक कार्य चुस्त दुरुस्त हुने गरी गाउँकार्यपालिका तथा वडा कार्यालय सम्म जनसमुदायमा सेवा प्रदान गर्ने कर्मचारीहरु परिचालित भई सेवा प्रदान

गर्ने र नियमित हुन जानकारी गराउने निर्णय गरियो। साथै सेवा ग्राहीबाट कर्मचारी उपर गुनासो, उजुरी, शिकायत प्राप्त भएका सोको जवाफदेही स्वयम कर्मचारी हुनुपर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस राक्सिराङ गाउँ वर्ग जातिवार्ड, बैठकबाट देहाय अनुसारका पदाधिकारीहरु रहने गरी यस गाउँपालिका स्थित आदिवासी जनजाति समन्वय समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. संयोजक : श्री राजकुमार तामाङ
२. सदस्य : श्री रेशम सिन्तान
३. ,, : श्री राजेन्द्र प्रजा
४. ,, : श्री हरिलाल प्रजा
५. ,, : श्री सन्तोष मगर
६. ,, : श्री रुद्र बहादुर घलान
७. ,, : श्री विकास ब्लोन
८. ,, : श्री मनमाया गोले
९. ,, : श्री अनिल स्पाङतान
१०. ,, : श्री सिता सिन्तान
११ ,, : श्री हरि बहादुर प्रजा

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस राक्सिराङ गा.पा. बाट विनियोजित रु ५८,५००।- मनहरी ओपकोल्टी सडक खण्ड निर्माण योजना मिति २०७४।९।१४ गतेको राक्सिराङ गाउँ कार्यपालिकाको निर्णय अनुसार स्थगित योजना अर्को मिति २०७४।९।२६ को ~~निर्णय~~ बैठकले निर्णय बाट उक्त स्थगित योजना ~~[illegible]~~ सुसञ्चालन गर्न उपभोक्ता समितिलाई जानकारी गराउने निर्णय गरियो।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल हुँदा यस राक्सिराङ गाउँपालिकाको आ.व. २०७४/०७५ मा गरीबी निवारण कार्यक्रम अन्तर्गत विनियोजित रकम रु ४०,१८,०००।- मध्ये बाट उद्यमशिलता तालिम क्रमशः प्लम्बिङ, वेल्डिङ र सिलाई बुनाई तालिम नेपाल भारत मैत्री संघको प्राविधिक सहयोग र गा.पा. को आर्थिक सहयोग र प्रवाह दिगो नेपाल र दिगो एकीकृत विकास केन्द्र मनहरी मकवानपुरको

त्रिपक्षीय साझेदारीमा तालिम सञ्चालन गर्ने प्रस्ताव अनुसार ४५ प्रस्ताव दर्ता संस्थालाई दिने निर्णय गरियो। साथै उक्त त्रिपक्षीय रकम मध्ये रु. ८,५८,५००।- तालिम सञ्चालन गर्न निर्णय गरियो।

प्रस्ताव नं. ७ विविध माथि छलफल हुँदा यस गाउँ कार्यपालिकाको बैठक दिनको १.३० बजे शुरु गरी साँझ ५.०० बजे समापन गरियो।